# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ६ । अंक २६ । २०७५ माघ - चैत्र ।

## मुनाफा रकम वितरण




कोषको खुद मुनाफा ३ अर्ब ९४ करोड ७ लाख ३९ हजार ४३६ रुपैयाँ मध्ये २ अर्ब ७५ करोड ८५ लाख १७ हजार ६०५ रुपैयाँ मुनाफा बाँडफाँड कोषमा जम्मा गरिएको छ। उक्त रकमबाट सञ्चयकर्तालाई आर्थिक वर्ष २०७४।७५ को सुरु सञ्चय कोष मौज्दातमा १.१० प्रतिशत (गत वर्ष ०.७५) प्रतिशत रकम मुनाफा वितरण गरिने छ। उक्त मुनाफा रकमलाई आर्थिक वर्ष २०७४।७५ को शुरु सञ्चय कोष मौज्दातको ०.५५ प्रतिशत रकम सञ्चयकर्ताको सञ्चय कोष कट्टी खातामा जम्मा गर्ने र ०.५५ प्रतिशत रकम सञ्चालक समितिको बैठक नं.१४८९ मिति २०७३।१०।७ को निर्णय बमोजिम सञ्चयकर्ताको नाममा बेतन कर्णाली सञ्चयकर्ता हाइड्रो कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयर्ता शेयर लगानी कोषमा जम्मा गर्ने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७४।७५ को अन्तिम लेखापरिक्षण सम्पन्न भई सो आर्थिक वर्षमा कायम भएको आर्थिक विवरण अनुसार कोष सञ्चालक समितिको बैठक नं. १५४५ मिति २०७५।१२।२ को निर्णयले मुनाफा बाँडफाँडको व्यवस्था गरेको हो।

## अधिकार प्रत्यायोजनमा संशोधन

कर्मचारी सञ्चय कोषको दैनिक कार्य सुचारु रुपले सञ्चालन गर्न मिति २०७५ श्रावण २९ मा गरिएको अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थाको दफा नं १६ मा रहेको विशेष सापटी, कोष भुक्तानी, र सामाजिक सुविधाको रकम स्वीकृत गर्ने अधिकार संसोधन भएको छ।

संशोधन अनुसार रु दश लाखसम्म सहायक प्रबन्धकले, रु बीस लाखसम्म उपप्रबन्धकले, रु पच्चिस लाखसम्म प्रबन्धकले, रु चालिख लाखसम्म बरिष्ठ प्रबन्धकले, रु चालिख लाख भन्दा माथि मुख्य प्रबन्धकले स्वीकृत गर्न सक्ने छन। तर, शाखा कार्यालय तथा सेवा केन्द्रको हकमा मुख्य प्रबन्धक, बरिष्ठ प्रबन्धक र प्रबन्धकको अधिकारको सीमासम्मको स्वीकृती सम्बन्धित शाखा कार्यालयका प्रमुख वा सेवा केन्द्र प्रमुखले गर्ने छन। सापटी, कोष भुक्तानी तथा अन्य सुविधा भुक्तानी गर्दा कम्तीमा २ जना अधिकृतको संयुक्त दस्तखतबाट गर्नुपर्ने छ। तर सहायक प्रबन्धकको सीमासम्मको सापटी, कोष भुक्तानी तथा अन्य सुविधा भुक्तानी गर्दा सम्बन्धित सहायक प्रबन्धक र प्रमुख सहायकको संयुक्त दस्तखतबाट गर्नुपर्ने छ।

सञ्चयकर्तालाई प्रदान गरिने सापटी तथा भुक्तानी रकम रु एक लाख वा सो भन्दा माथि भएमा एकाउण्टपेयी चेक मार्फत कारोबार गर्नुपर्ने छ।



## सञ्चय कोष र रेडियो नेपालबीच सम्झौता

कर्मचारी सञ्चय कोष र रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालबीच सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बीमा योजनाको सन्देश प्रशारण गर्न समझदारी सम्झौता पत्रमा हस्ताक्षर भएको छ। सम्झौतामा कोषले प्रसारण गर्नुपर्ने सामग्री रेडियो नेपाललाई उपलब्ध गराउनुपर्ने र रेडियो नेपालले आफ्नो केन्द्रिय प्रशारण मार्फत दैनिक विहान/बेलुकी ७ बजेको समाचार अघि सन्देश प्रशारण गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। ४५ सेकेण्ड अवधिको प्रशारण सन्देश अन्य दैनिक समाचार अघि थप ५ पटक, विहान ५ देखि ११ बजेको समयमा दुई पटक, बेलुकी ५ देखि ९:३० बजेको समयमा २ पटक, दिउसो ११ देखि ५ बजेको समयमा २ पटक र राती ९:३० देखि ११ बजेको समयमा १ पटक गरी जम्मा १२ पटकको प्रशारण भने रेडियो नेपालले प्रोत्साहन स्वरुप निशुल्क उपलब्ध गराउने छ।

## कर्जा तथा लगानी नीति २०७५



कोषले कर्मचारी सञ्चय कोष ऐन २०१९(संशोधन सहित) को दफा १९ ले कर्मचारी सञ्चय कोषलाई आफ्नो मौज्दात रकम र सम्पत्ति परिचालन गर्न प्रदान गरेको अधिकार अनुरुप कोषमा जम्मा रहेको मौज्दात रकमलाई सुरक्षित, दक्षतापूर्ण एवम प्रभावकारी रुपमा प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्नको निमित्त लगानी प्रवर्द्धन समितिको सिफारिसमा सञ्चालक समितिले कर्जा तथा लगानी नीति स्वीकृत गरी लागु गरेको छ।

## जग्गा तथा भवन कार्यविधि

कोषको सञ्चालक समितिको बैठक नं. १५४४ मिति २०७५।१२।५ को निर्णय अनुसार कोषको जग्गा तथा भवन खरिद बिक्री कार्यविधि, २०७५ स्वीकृत भएको छ।

## भाडा व्यवस्थापन कार्यविधि


कोषको सञ्चालक समितिको बैठक नं.१५४४ मिति २०७५।११।१६ को निर्णय अनुसार कोषको भाडा व्यवस्थापन कार्यविधि २०७५ स्वीकृत भएको छ।

## नयाँ दरबन्दी संरचना



कोषले मिति २०७५।११।१ देखि लागु हुने गरी नयाँ दरबन्दी संरचना लागु गरेको छ। मिति २०६९।२।१८ देखि लागु भएको कोषको संगठनात्मक संरचना तथा दरबन्दीलाई परिमार्जन गरी कोष संचालक समितिबाट २०७५। १०।१७ मा नयाँ संरचना तथा दरबन्दी स्वीकृत भए अनुसार सो दरबन्दी संरचना लागु भएको हो। संरचना अनुसार ११ विभाग अन्तर्गत विभिन्न पदमा ५१५ दरबन्दी स्वीकृत रहेको छ। यस अगाडिको दरबन्दी संरचनामा १० विभाग सहित ५२५ दरबन्दी स्वीकृत रहेको थियो। लैंगिक आधारमा हाल कोषमा ७८ प्रतिशत पुरुष कर्मचारीहरु र २२ प्रतिशत महिला कर्मचारीहरु कार्यरत रहेका छन

# कोषको अध्यक्षमा ढुंगाना पुनर्नियुक्त



नेपाल सरकारका सचिव शिशिर कुमार ढुंगानालाई कर्मचारी सञ्चय कोषको अध्यक्ष पदमा पुनर्नियुक्त गरिएको छ। उहाँलाई मिति २०७५।०९।२९ देखि लागु हुने गरी पुनर्नियुक्ति गरिएको हो। यसैगरी नेपाली सेनाका सहायक रथी शंकर बहादुर पण्डितलाई २०७५।१०।१३ देखि लागु हुने गरी सञ्चालकमा नियुक्त गरिएको छ। कोष सञ्चालक समितिको वर्तमान संरचना निम्न अनुसार रहेको छ।

| पद | नाम | कार्यालय ⁄ ठेगाना | नियुक्त मिति |
|---|---|---|---|
| अध्यक्ष | श्री शिशिर कुमार ढुंगाना | सचिव, नेपाल सरकार | २०७५/०९/२९ |
| सञ्चालक | प्रा. डा. डिल्लीराज शर्मा | प्राध्यापक, त्रिभुवन विश्वविद्यालय | २०७३/०४/०५ |
| सञ्चालक | श्री झक्कप्रसाद आचार्य | सहसचिव, अर्थ मन्त्रालय | २०७५/०४/१० |
| सञ्चालक | श्री शंकर बहादुर पण्डित | सहायक रथी, नेपाली सेना | २०७५/१०/१३ |
| सञ्चालक | श्री सुरेश विक्रम शाह | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी | २०७५/०५/२९ |
| सञ्चालक | श्री किरण कुमार श्रेष्ठ | कार्यकारी प्रमुख राष्ट्रिय वाणिज्य बैंक | २०७३/०३/२० |
| सञ्चालक | श्री तुलसी प्रसाद गौतम | प्रशासक,कर्मचारी सञ्चय कोष | २०७५/०१/१० |

# सुन्धारा भवनबाट साढे दुई करोड असुल



सुन्धारास्थित भवन व्यवस्थापन इकाईले भाडाबापत दुई करोड बहत्तर लाख रुपैयाँ असुल गरेको छ। काठमाण्डौ मलको रुपमा सञ्चालित सुन्धारा भवनका २०९ जना व्यवसायीबाट सो रकम असुल भएको हो। उक्त रकम २०७५ माघदेखि चैत्रसम्मको अवधिमा असुल भएको जनाइएको छ।

साविकका भाडावाला शिवलक्ष्मी कोजुसँगको करार सम्झौता २०७५ पौष ११ मा भंग भएपछि अन्तरिम समयको लागि मलको व्यवस्थापकीय कार्य उक्त इकाईमार्फत कोषले सम्हाल्दै आएको छ।

इकाईमा प्रबन्धक, सहायक प्रबन्धक र प्राविधिक गरी तीन कर्मचारी कार्यरत छन्।

## KYC Progress Up to 2075.12.30

| Branch | Total | Created | Verified | % |
|---|---|---|---|---|
| THAMEL | 39,771 | 9,898 | 29,873 | 75.11 |
| DHANKUTA | 2,221 | 177 | 2,044 | 92.03 |
| BIRATNAGAR | 13,700 | 1,269 | 12,431 | 90.74 |
| JANAKPUR | 2,848 | 255 | 2,593 | 91.05 |
| HETUNDA | 9,920 | 6,202 | 3,718 | 37.48 |
| POKHARA | 10,380 | 8,734 | 1,646 | 15.86 |
| BUTWAL | 8,299 | 247 | 8,052 | 97.02 |
| KOHALPUR | 7,998 | 3,460 | 4,538 | 56.74 |
| SURKHET | 4,540 | 2,219 | 2,321 | 51.12 |
| DHANGARHI | 7,155 | 3,539 | 3,616 | 50.54 |
| SINGAHADURBAR | 2,219 | 25 | 2,194 | 98.87 |
| PULCHOWK | 716 | 7 | 709 | 99.02 |
| Total | 109,767 | 36,032 | 73,735 | 71.30 |

# प्रशासक र विभागीय प्रमुखहरुबिच कार्यसम्पादन सम्झौता सम्पन्न



# बैदेशिक तालिम तथा सहभागीता

मुख्य प्रबन्धक अर्जुन कुमार गौतम, नेपाल एबीआई बैंक लिमिटेडको आयोजनमा २०१९ अप्रिल १ देखि २०१९ अप्रिल ३ सम्म सञ्चालन भएको "इन्टरनेशनल ट्रेनिंग एण्ड स्टडी भिजिट अन बैंकिग गवर्नेन्स अफ बोर्ड अफ डायरेक्टर्स" कार्यक्रममा सहभागी हुनु भएको छ।

मुख्य प्रबन्धक ओमकृष्ण श्रेष्ठ र बरिष्ठ प्रबन्धक (सीए) ठाकुर जंग थापा इन्टरनेशनल शोसल सेक्युरिटी -ईशा) को रिजनल शोसल सेक्युरिटी फोरम फर एशिया एण्ड प्यासिफिक रिजन को आयोजनमा मार्च २६-२८ २०१९ मा सम्पन्न इशा एकेडेमी वर्कशप अन एक्चुरियल वर्क फर शोसल सक्युरिटी विषयक कार्यक्रममा सहभागी हुनु भएको छ।

सह प्रशासक राजेन्द्र काफ्ले, एनएमबी बैंकको २०७५।११।२१ देखि २३ गते सम्म भारतको कलकत्तामा आयोजित बोर्ड लेवल लिडरशिप फर बोर्ड मेम्बर अफ बैंक इन नेपाल कार्यक्रममा सहभागी हुनु भएको छ। कोषका



प्रशासक तुलसी प्रसाद गौतम र मुख्य प्रबन्धक विष्णु पौडेल थाईल्याण्डको बैंककमा १४-१८ जनवरी, २०१९ आयोजना हुने च्यालेन्ज अ रिफर्म अप्सन इन साउथ एशियन पब्लिक सर्विस पेन्सन स्किम एण्ड शोसल इन्स्योरेन्स डेलिभरी सिस्टम विषयक कार्यक्रममा सहभागी हुनु भएको छ।

प्रशासक गौतमले रिफर्म अप्सन अन्डर कन्सिडरेसन इन नेपाल एण्ड मोडर्नाइजिंग इन्फरमेशन सिस्टम इन नेपाल विषयमा स्पीकरका हैसियतले कार्यक्रमलाई सम्बोधन समेत गर्नु भएको थियो।

# हेल्पींग हेन्ड्स अस्पतालसँग सम्झौता



कर्मचारी सञ्चय कोष र हेल्पिंग हेन्डस सामूदायिक अस्पताल, चावहिलबीच कर्मचारी सञ्चय कोषमा कार्यरत कोषका स्थायी कर्मचारी, करार सेवामा कार्यरत कर्मचारी र निजहरुका आश्रित (एकाघरका परिवार) लाई प्रदान गर्ने सेवा तथा सुविधाका सम्बन्धमा सहमति भएको छ। प्रत्येक ५ वर्षमा नविकरण हुने गरी भएको यो सहमति अनुसार कार्यरत कर्मचारीहरुलाई ओपिडिमा ५०, जनरल बेडमा ५०, डिलक्स र सुपर डिलक्स क्याविनमा १५, प्याथोलोजी ल्याव/एक्स रे मा २०, भिडियो एक्स रे मा २०, इकोकार्डियोग्राफिमा २०, अपरेशनमा २०, प्रसुति सेवामा २० र फार्मेसीमा ७ प्रतिशत छुट हुने छ।

# संचयकर्ता पहिचानको अवस्था



कर्मचारी सञ्चय कोषले आफ्नो सञ्चयकर्ता पहिचानको कार्यलाई तिव्रता दिँदै आएको छ। यस क्रममा २०७५ चैत्र मशान्तसम्म १ लाख ८३ हजार संचयकर्ताको विद्युतिय परिचय कोषमा संकलन भैसकेको छ भने अन्य सञ्चयकर्ताहरुको विवरण धमाधम भैरहेको छ। कोषले सञ्चयकर्ताहरुलाई आफ्नो विद्युतिय विवरण जत्ति सक्दो चाँडो कोषमा जम्मा गराउन आग्रह गर्दै आएको छ।

२०७५ को लेखा परिक्षण पश्चातको वित्तीय विवरण

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## वित्तीय अवस्थाको विवरण

२०७५ आषाढ ३२

रकम रूपैँयामा

| विवरण | टिप्पणी | २०७५ आषाढ ३२ | २०७४ आषाढ ३१ |
|---|---|---|---|
| **सम्पत्तिहरू** | | | |
| नगद तथा नगद समान | ४.१ | ३५३,०४७,६४५ | ६,३६४,००४,२४४ |
| बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात | ४.२ | ५४,९७७,२५७,२३० | ५४,८२२,०११,९१८ |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरू | ४.३ | – | – |
| सञ्चयकर्तालाई कर्जा तथा सापटी | ४.४ | १६८,२३१,४१८,०६६ | १४२,५५७,१५३,४७३ |
| परियोजना तथा संगठित संस्थाहरूलाई कर्जा तथा सापटी | ४.५ | ४५,८९६,०८७,९६५ | ३२,३३१,७३९,१११ |
| कर्मचारीहरूलाई कर्जा तथा सापटी | | १,०७९,६४८,०३५ | १,११९,९५५,४२५ |
| धितोपत्रहरूमा लगानी | ४.६ | ३८,९२६,५२७,६३९ | ३५,७१८,४५५,८०५ |
| सम्बद्ध कम्पनीहरूमा लगानी | ४.७ | – | – |
| सम्पत्तिहरूमा लगानी | ४.८ | ७१५,९२५,८९४ | ७२८,७२९,३९३ |
| सम्पत्ति र उपकरण | ४.९ | ४५१,४८३,८२० | ४१२,७६२,८३४ |
| अमुर्त सम्पत्ति | ४.१० | ५,५६३,००४ | २,२४४,२७१ |
| अन्य सम्पत्ति | ४.११ | १,३६८,६८५,३५३ | ९७५,७८१,७९८ |
| जम्मा सम्पत्ति | | ३१२,००५,६४४,६५२ | २७५,०३२,८३८,२७१ |
| | | | |
| **दायित्वहरू** | | | |
| कर्मचारी सुविधा दायित्व | ४.१२ | २,३०६,९२८,२०५ | १,६३४,६२८,७५१ |
| अन्य दायित्व | ४.१३ | १,१४०,७६६,३१२ | ९८८,००१,४९२ |
| जम्मा दायित्व | | ३,४४७,६९४,५१७ | २,६२२,६३०,२४३ |
| कोष तथा जगेडा | | | |
| सञ्चय कोष | ४.१४ | २७८,७५३,०३५,३२३ | २४६,५३४,३६१,८८० |
| निवृतिभरण कोष | ४.१५ | – | – |
| अन्य कोष | ४.१६ | – | – |
| जगेडा तथा बचत | ४.१७ | २९,८०४,९१४,८१२ | २५,८७५,८४६,१४८ |
| जम्मा कोष तथा जगेडा | | ३०८,५५७,९५०,१३५ | २७२,४१०,२०८,०२८ |
| जम्मा कोष, जगेडा तथा दायित्व | | ३१२,००५,६४४,६५२ | २७५,०३२,८३८,२७१ |

संलग्न टिप्पणीहरु (१ देखि ५.१७ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन् ।



# केवाइसी (Know Your Contributers) फारम मार्फत व्यक्तिगत विवरण अद्यावधिक गर्ने सम्बन्धी कर्मचारी सञ्चय कोषको जरुरी सूचना

- कोषमा रकम जम्मा गर्ने सम्पूर्ण सञ्चयकर्ताको व्यक्तिगत विवरण तथा सम्बन्धित कार्यालयको विवरण KYC फारामको माध्यमबाट सङ्कलन गरी कोषको Database मा अद्यावधिक गर्ने कार्यक्रम शुरु गरिएकाले सम्बन्धित सञ्चयकर्ताले KYC फाराम भरी आफ्नो व्यक्तिगत विवरण शुद्धिकरण गर्ने कोषको यस अभियानमा सहयोग गरी दिनहुन सम्पूर्ण सञ्चयकर्ता महानुभाव तथा सम्बन्धित कार्यालयलाई हार्दिक अनुरोध गर्दछौं ।

- **KYC फाराम सम्बन्धी थप सूचना -**

  १. **KYC फाराम भर्ने तरिका :**

  - कोषको वेवसाइट www.epfnepal.com.np मा उपलब्ध अनलाइन KYC फाराम भरेर Submit गरी प्राप्त हुने विवरण प्रिन्ट गरी कोषको कार्यालयमा उपलब्ध गराएर, वा
  - कोषको उपत्यका बाहिरका सबै शाखा कार्यालयहरू धनकुटा, विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी वा कोषको ठमेल स्थित कार्यालय र सिंहदरवार एवम् पुल्चोक स्थित सेवा केन्द्र वा कोषको वेवसाइट www.epfnepal.com.np मा उपलब्ध KYC फाराम डाउनलोड गरी भरेर आफूलाई पायक पर्ने कोषको कार्यालयमा उपलब्ध गराएर,

    तर **सञ्चयकर्ताको Biometric विवरण (हस्ताक्षर, औंठा छाप तथा फोटो) कोषको कम्प्युटर प्रणालीमा अद्यावधिक गरिने हुँदा KYC विवरण प्रमाणित गर्न सञ्चयकर्ता स्वयम् कोषका कार्यालयमा उपस्थित हुनुपर्ने ।**

  २. **फाराम बुझाउँदा आवश्यक पर्ने कागजातहरू :**

  - कोषको परिचयपत्रको प्रतिलिपि,
  - नागरिकता प्रमाणपत्र वा पासपोर्टको प्रतिलिपि,

- **KYC विवरण अद्यावधिकबाट हुने फाईदाहरू :**

  १. *सञ्चयकर्ताले मासिक रुपमा जम्मा गरेको रकम, कोषबाट लिएको सापटीको रकम र व्यक्तिगत खाताको शुद्धतामा वृद्धि हुने,*

  २. *सञ्चयकर्तालाई उपलब्ध गराइएका सेवा सुविधा तथा सञ्चयकर्ताको हितमा सञ्चालन गरिने विभिन्न योजना लगायतका सूचनाहरूको समयमा नै सूचना प्रविधिको माध्यमबाट सञ्चयकर्तालाई जानकारी गराउन सहज हुने,*

  ३. *कोषले हाल बितरण गर्दै आएको परिचयपत्रको विवरण अद्यावधिक हुनुका साथै व्यक्तिगत विवरणलाई निजको नागरिकता, स्थायी लेखा नम्बर (PAN), राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्न सहज हुने,*

  ४. *सञ्चयकर्ताको अवकाश भुक्तानी र सोमा लाग्ने कर लगायतका सूचनाहरूको उपलब्धतामा सहजीकरण हुने,*

  ५. *कोषका सञ्चयकर्ताको Liability Ageing गरी समयमा नै भुक्तानीका लागि आवश्यक तयारी गर्न सहज हुने,*

  ६. *सञ्चयकर्ताको पहिचानमा सहजता आई कोष रकममा आधुनिक प्रविधिबाट सुरक्षा प्रदान गर्न सहज हुने,*

  ७. *कोष, सञ्चयकर्ता र सञ्चयकर्ता कार्यालयबीच सम्पन्न हुने आर्थिक हरहिसाबलाई प्रविधिमैत्री बनाउन सकिने,*

  ८. *मौजुदा सञ्चयकर्ता परिचयपत्रलाई विद्युतीय परिचयपत्रले प्रतिस्थापन गर्ने ।*

**KYC व्यवस्थापन समूह**
**कर्मचारी सञ्चय कोष**
फोन नं. ०१-४२५९६०८
०१-४२२५३९५
email : kyc@epfnepal.com.np

# औषधोपचार तथा घातक रोगको बीमा योजना सम्बन्धी जानकारी



कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत मिति २०७५ मार्ग १ गते देखि सञ्चयकर्ता औषधोपचार मा रू. १ लाख तथा घातक रोगको सम्बन्धमा रू. १० लाख सम्मको बीमा गर्ने गरी आज मिति २०७५/०७/२८ मा कर्मचारी सञ्चय कोष र राष्ट्रिय बीमा कम्पनी लि. बीच समझदारी पत्रमा हस्ताक्षार भएको छ। योजनाको स्वरुपको साराशं देहाय बमोजिम रहेको छः

## १. परिभाषा:

(क) **"सञ्चयकर्ता"** भन्नाले कोषमा नियमित रुपमा सञ्चय कोष कट्टि रकम जम्मा गर्ने प्राकृतिक ब्यक्तिलाई जनाउनेछ। यो शब्दले उमेर हद वा पदावधिका कारण अवकाश भई सो मितिले ६ बर्ष सम्म कोषबाट रकम भूक्तानी नलिएका सञ्चयकर्ता समेतलाई जनाउनेछ। तर कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १२ख बमोजिम कोषमा आवद्ध भएका सञ्चयकर्ताको हकमा विरामी भएको बखत कम्तिमा छ महिना देखि नियमित सञ्चय कोष जम्मा भएको हुनुपर्नेछ ।

(ख) **"दुर्घटना"** भन्नाले अस्वेच्छिक बाहय वा दृष्य वा हिंस्रक कारणबाट आकस्मिक वा भवितब्य रुपमा भएको घटनाबाट शारिरिक क्षति वा हानी भएको अवस्थालाई जनाउनेछ। यस बीमालेख अन्तर्गत दुर्घटना पश्चात भएका औषधीका खर्चहरु समाबेश गरिनेछ।

(ग) **"विरामी"** भन्नाले दुर्घटना वा शारिरीक अस्वस्थताका कारणबाट अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्था सिर्जना भएका सञ्चयकर्तालाई जनाउनेछ। सो शब्दले बीमा सम्पुष्ठिमा समावेश भएका घातक रोगबाट ग्रसित सञ्चयकर्तालाई समेत जनाउनेछ।

(घ) **"अस्पताल"** भन्नाले विरामीको उपचारका लागी नेपाल सरकारबाट सञ्चालन अनुमति प्राप्त गरेका नेपाल भित्र सञ्चालित अस्पताल, नर्सिङ्ग होम, स्वास्थ्य केन्द्र वा यस्तै प्रकारका अन्य स्वास्थ्य सेवा प्रदायक संस्थालाई जनाउनेछ। यस शब्दले नेपालमा उपचार हुन नसक्ने भएका कारण सम्बन्धित चिकित्सकको सिफारिसमा उपचार गराईएको विदेशी अस्पताललाई समेत जनाउने छ।

(ङ) **"अस्पताल भर्ना"** भन्नाले विरामीले कम्तिमा २४ घण्टाको लागि अस्पताल भर्ना भई उपचार गरेको अवस्थालाई जनाउनेछ। तर, विशेष अवस्थामा सो शब्दले विरामी अस्पताल भर्ना भई २४ घण्टा अगावै डिस्चार्ज भएको अवस्थालाई समेत जनाउनेछ।

(च) **"चिकित्सक"** भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई नेपालको प्रचलित कानून बमोजिम औषधोपचार गर्न अनुमति प्राप्त ब्यक्ति जनाउनेछ।

(छ) **"घातक रोग"** भन्नाले नेपाल सरकारले तोकिदिएका र बीमालेखमा उल्लेख गरिएका रोगहरुलाई जनाउनेछ।

## २. सञ्चयकर्ताको संख्या तथा बीमा शुल्क :

(क) बीमा गर्ने प्रयोजनका लागि सञ्चयकर्ताको कुल संख्या ६ लाख हुनेछ।

(ख) सञ्चयकर्ताहरुको वार्षिक एक लाख रुपैयाँ सम्मको औषधोपचार र दश लाख रुपैया सम्मको घातक रोगको उपचारको बीमाको लागि बीमा शुल्क प्रति वर्ष, प्रति सञ्चयकर्ता रु.४२०/– का दरले जम्मा रु. २५ करोड २० लाख (मुल्य अभिबृद्धि कर तथा टिकट शुल्क बाहेक) हुनेछ।

(ग) बीमा अवधि समाप्त भई बीमा नविकरण गर्दा अघिल्ला वर्षहरुमा दावी भुक्तानी भएको रकम तथा थपघट भएको सञ्चयकर्ताको संख्या समेतको आधारमा बीमा नविकरण शुल्कमा पुनरावलोकन हुनेछ।

## ३. बीमा लेखको प्रारम्भ तथा अवधि :

(क) बीमा शुल्क वापतको रकम कोषबाट एकमुष्ठ भुक्तानी भएको मितिबाट प्रारम्भ हुने गरी यस समझदारी पत्रको प्रतिकुल नहुने गरी कम्पनीले एक वर्षका लागि बीमा लेख जारी गर्नेछ।

(ख) यो समझदारी पत्रको अवधी ३ बर्ष सम्म कोषले चाहेमा बीमा लेख नविकरण हुने छ।

## ४. बीमालेख अनुसारका सुविधाहरु:

४.१ विरामी सञ्चयकर्तालाई बीमा अवधिमा अधिकतम रु. १ लाखमा नबढ्ने गरी बीमालेख बमोजिम

- सामान्य औषधोपचारमा १ लाख रुपैया
- घातक रोगहरुको लागि १० लाख रुपैया
- कोषले नै बीमा प्रिमियम तिर्ने
- मंसिर १ गतेदेखि बीमा योजना लागू
- बीमा शुल्क प्रति सञ्चयकर्ता ४२० रुपैया

न्यूनतम रु. ३ हजार वा वास्ताविक खर्चको १५ प्रतिशत कट्टा गरी देहायको सुविधा प्राप्त हुनेछन् :

(क) एक बर्षमा (एकै पटकमा वा पटक पटक) रु.३०,००० मा नबढ्ने गरी Surgeon वा Anaesthetist को दस्तुर तथा Operation Theatre को शुल्क बापतको खर्च।

(ख) एक बर्षमा अधिकतम रु.२०,००० (वा एक पटकको उपचारमा रु.१०,००० सम्म) चिकित्सकको जाँच शुल्क, X-ray वा Specialist Charges वा Pathologist Fees वा चिकित्सकको सिफारिस बमोजिमको रोग निदान उपकरण शुल्क।

(ग) अस्पतालमा भर्ना भई बस्नुपरेमा प्रति दिन रु.२,००० मा नबढ्ने गरी एक बर्षमा रु. २५,००० सम्म।

(घ) चिकित्सकको सिफारिस अनुसार कुनै पनि सर्जिकल सामाग्री खरिद वा उपयोग गर्नु परेमा (दाँतको स्केलिंग तथा श्रवण उपकरणमा लागू नहुने गरी) एक बर्षमा जम्मा रु.८,००० मा नबढ्ने गरी भएका खर्च। यसमा रु.३,००० सम्मको कृतिम हात वा खुट्टा समेत समावेश गर्न सकिनेछ।

(ङ) एक पटकमा रु.५,००० मा नबढ्ने गरी अधिकतम रु.१५,००० सम्मको औषधि खरिद गर्दा भएको खर्च ।

(च) बढीमा दुई पटकको लागि एक पटकमा रु.४,५०० सम्मको प्रसुती वा (Caesarian) सिजरियनको लागि भएको खर्च।

४.२ घातक रोगको औषधोपचारको लागि भएको वास्तविक खर्च वा रु. १० लाख मध्ये कम हुन आउने

रकम प्रदान हुनेछ । यस अन्तर्गत उपचारमा खर्च भएको रकम मात्र भुक्तानी गरिनेछ ।

४.३ दुर्घटना वाहेक प्रतिक्षा अवधि (Waiting Period) विमा लेख जारी भएको मितिले औषधोपचारको हकमा ३० दिन र घातक रोगको हकमा ९० दिन हुनेछ

४.४ विमालेख नविकरण गर्दा प्रतिक्षा अवधि (Waiting Period) लागू हुने छैन ।

### ५. दावी भूक्तानी प्रकृया :

(क) सञ्चयकर्ताले अस्पतालबाट डिस्चार्ज भएको ३५ दिन वा विरामी भएको ६० दिन भित्र कम्पनीलाई सोको जानकारी गराउनु पर्नेछ ।

(ख) दावीको लागि आवश्यक कागजपत्र सहित सञ्चयकर्ताले कम्पनी समक्ष अस्पतालबाट डिस्चार्ज भएको सामान्यतः ६ महिना भित्र पेश गरी सक्नु पर्नेछ । दाबीको लागि सम्वन्धित सञ्चयकर्ता योग्य भएको व्यहोरा समेत कोषबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

(ग) दावी भुक्तानीको लागि आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको मितिले देहायको समयभित्र कम्पनीले दावी एकिन गरी भुक्तानी गर्नेछ :

(अ) रु. २५ हजार सम्मको दाबी रकमको भुक्तानी १५ दिन भित्र शाखा कार्यालय वा केन्द्रीय कार्यालय मार्फत,

(आ) रु. २५ हजार देखि रु. १ लाख सम्मको दावी ३० दिन भित्र केन्द्रीय कार्यालय मार्फत,

(इ) घातक रोगको लागि ४५ दिन भित्र केन्द्रिय कार्यालय मार्फत ।



(घ) कम्पनीले औषधोपचार तथा घातक रोग उपचारको बीमा दावी भूक्तानी सम्बन्धी प्रकृयालाई व्यवस्थित तथा अधिकार सम्पन्न गराउनको लागि दावी समिति (सेल) गठन गरी सोही समिति (सेल) मार्फत दावी भुक्तानीको व्यवस्था गर्नेछ ।

### ६. दावीको लागि आवश्यक पर्ने कागजातहरु:

- तोकिएको ढाँचामा सञ्चयकर्ताको निवेदन,
- कम्पनीबाट उपलब्ध गराईएको दावी फाराम पूर्णरुपमा भरी सो फाराममा अस्पतालको छाप, सम्बन्धित डाक्टर को दस्तखत र NMC Number सहितको छाप ।
- चिकित्सकको सक्कलै Prescription र Discharge Slip तथा CARD –X को प्रतिलिपि ।
- चिकित्सकको सक्कलै Prescription र Discharge Slip बमोजिमको क्रेता तथा विक्रेताको नाम र सहिछाप स्पष्ट भएको PAN No. उल्लेख भएका औषधि खरिदका सक्कल बिलहरु ।
- Prescription र Discharge Slip तथा CARD –X बमोजिमका Lab Test तथा X-ray का सक्कल रिपोर्टहरु ।
- सञ्चयकर्ताको नाम र परिचय पत्र नम्बर सहितको कोषको प्रमाणित पत्र ।

### ७. बीमा लेखले नसमेट्ने अन्य पक्षहरु :

(क) दुर्घटनाबाट उपचार गर्नुपर्ने अवस्था सिर्जना भएको बाहेकको दाँतको उपचार वा अपरेशन, आँखाको सामान्य जाँच वा चस्मा खरिद, श्रवण उपकरण खरिद र Cosmetic Surgery,

(ख) दुई भन्दा वढी सिजरियन (Caesarian ),

(ग) मादक पदार्थ वा लागूपदार्थ सेवन तथा अनधिकृत तवरबाट अन्य औषधिको सेवनका कारण सिर्जित रोगहरु तथा चोटपटकको उपचार ।

(घ) दुई मुलुक बीच भएको घोषित वा अघोषित लडाईं, आम हड्ताल, हुलदंगामा सहभागी भएको अवस्थामा भएको चोट पटक वा उपचार खर्च ।

(ङ) बीमालेखमा उल्लेख भएका सीमा बाहेकका अन्य खर्चहरु ।

(च) बीमालेख प्रारम्भ हुनुभन्दा अगाडि लागेका रोगहरुको उपचारको क्रममा भए गरेका खर्चहरु र बीमालेख जारी भई प्रतिक्षा समय सीमा भित्र भएका खर्चहरु ।

(छ) आयुर्वेदिक औषधिका खर्च तथा उपचार उपकरणहरुको प्रयोग । तर जण्डिसको उपचारको लागि यो खण्ड लागू हुने छैन ।

(ज) देशको सिमा भन्दा बाहिर गरेका उपचार तथा खर्चहरु । तर, नेपाल भित्र उपचार सम्भव नभएको खण्डमा चिकित्सकको सिफारिश बमोजिमको खर्च बीमालेखको सीमाको अधिनमा रहि भुक्तानी गरिनेछ ।

(झ) साधारण मेडिकल अन्तर्गत पूनः बल्भिन सक्ने रोगहरुको सम्बन्धमा पूनः उपचार गराउदा भएको औषधि खरिदका खर्च ।

(ञ) मानसिक रोग, तौल घटाउन वा वढाउन प्रयोग हुने औषधि, सौन्दर्य बढाउन गरिने उपचार, प्लाष्टिक सर्जरी आदि ।

(ट) चिकित्सकले आफ्नो ब्यक्तिगत ल्याव वा क्लिनिकमा गरेका सर्जरी ।

(ठ) साधारण मेडिकल चेकअप ।

(ड) छाला सम्बन्धी एलर्जी, साबुनको प्रयोग, लोशन आदिको प्रयोग ।

### ८. बीमा योजनाको विस्तार तथा परिमार्जन :

भविष्यमा सञ्चयकर्ताको परिवार तथा अवकाश प्राप्त सञ्चयकर्तालाई समेत समावेश गरी सम्वन्धित व्यक्तिले आवश्यक वीमाशुल्क तिर्ने गरी बीमा गर्न चाहेमा आवश्यक व्यवस्था गर्न सकिनेछ । ▪


**कर्मचारी सञ्चय कोष**

केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर, फोन नं. : ०१ ५०१०१८०

website : www.epfnepal.com.np,

email: enewsletter@epfnepal.com.np

**सम्पादन समूह :**

मुख्य प्रबन्धक श्री जीवन कुमार कट्वाल,

बरिष्ठ प्रबन्धक श्री दामोदर सुवेदी, बरिष्ठ प्रबन्धक श्री शान्ता गौतम,

का.मु. प्रबन्धक श्री सन्देश घिमिरे, सहायक प्रबन्धक श्री ओजस्वी गौतम

विशेष सहयोग श्री राजेन्द्र विक्रम के सी